# मध्यविन्दु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७३

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति : २०७७/१०/१३)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क र गण्डकी प्रदेशको आर्थिक ऐन २०७७/०७८ अनुसार व्यवस्था भए बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी मध्यविन्दु नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७६/०७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| सुचना नं./बोलपत्र नं. | क्षेत्र | माथिल्लो विन्दु | तल्लो विन्दु | उत्खनन् परिमाण घ.मि. | न्यूनतम बोलपत्र रकम (VAT बाहेक) | धरौटी रकम कबोल अंकको ५% | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| ०१/०७७/०७८ | गिरुवारी खोला बसन्तपुर खण्ड वडा नं.९ | 27$^0$40'6.77"N 84$^0$1'50.79"E | 27$^0$39'48.80"N 84$^0$1'19.83"E | ६0000 | १,४८,२०,०००/- | | ३,०००/- |
| ०२/०७७/०७८ | गिरुवारी खोला भागरा बगर वडा नं. ८ | 27$^0$37'54.24"N 84$^0$0'15.87"E | 27$^0$37'38.38"N 84$^0$0'19.62"E | ४९००० | १,२१,०३,०००/- | | ३,०००/- |
| ०३/०७७/०७८ | गिरुवारी खोला चोरमारा बगर १ वडा नं. ८ | 27$^0$37'26.93"N 84$^0$0'19.06"E | 27$^0$37'20.21"N 84$^0$0'22.81"E | १०३५० | २५,५६,४५०/- | | ३,०००/- |
| ०४/०७७/०७८ | गिरुवारी खोला चोरमारा बगर २ वडा नं. ८ | 27$^0$37'17.99"N 84$^0$0'28.26"E | 27$^0$37'13.63"N 84$^0$0'37.15"E | १७००० | ४१,९९,०००/- | | ३,०००/- |
| ०५/०७७/०७८ | गिरुवारी खोला प्रसौनी खण्ड क वडा नं.१५ | 27$^0$35'12.2"N 84$^0$0'27.91"E | 27$^0$35'3.91"N 84$^0$0'15.86"E | २९१९० | ७२,०९,९३०/- | | ३,०००/- |
| ०६/०७७/०७८ | गिरुवारी खोला प्रसौनी खण्ड ख वडा नं.१५ | 27$^0$34'49.81"N 84$^0$0'8.77"E | 27$^0$34'32.44"N 84$^0$0'1.22"E | ४१४७० | १,०२,४३,०९०/- | | ३,०००/- |
| ०७/०७७/०७८ | अरुङ्गखोला माले वगर देखि खयरसाल वडा नं. ११ र १४ | 27$^0$39'38.28"N 83$^0$57'17.83"E | 27$^0$39'28.03"N 85$^0$57'23.81"E | ५३२५० | १,३१,५२,७५०/- | | ३,०००/- |
| ०८/०७७/०७८ | अरुङ्गखोला खयरसाल देखि टापु सिरान नाका वडा नं. ११ र १४ | 27$^0$39'46.41"N 83$^0$57'13.54"N | 27$^0$39'39.91"N 83$^0$57'18.16"E | ३५२५० | ८७,०६,७५०/- | | ३,०००/- |
| ०९/०७७/०७८ | गरमटोला वडा नं. १५ | 27$^0$34'21.96"N 83$^0$57'45.11"E | 27$^0$34'41.54"N 83$^0$57'44.06"E | ५८२७५ | १,४३,९३,९२५/- | | ३,०००/- |
| १०/०७७/०७८ | माथिल्लो भिउरान कटुवाई नाका वडा नं. १५ | 27$^0$34'43.93"N 83$^0$57'43.26"N | 27$^0$34'8.83"N 83$^0$57'42.15"E | १०८५० | २६,७९,९५०/- | | ३,०००/- |

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११/०७७ /०७८ | कालिवन मजुवा नाका वडा नं. १० र ११ | 27$^{0}$39'11.21"N 83$^{0}$57'26.61"N | 27$^{0}$38'57.51"E 83$^{0}$57'27.44"E | ४५५७६ | १,१२,५७,२७२/- | | ३,०००/- |
| १२/०७७ /०७८ | माले वगर नाका वडा नं.१० र ११ | 27$^{0}$39'26.65"N 83$^{0}$57'25.45"E | 27$^{0}$39'14.14"N 83$^{0}$57'27.01"E | ३३३८२ | ८२,४५,३५४/- | | ३,०००/- |
| १३/०७७ /०७८ | क्षेत्री टाँडी नाका वडा नं. ११ र १४ | 27$^{0}$40'32.01"E 83$^{0}$56'44.44"N | 27$^{0}$40'15.73"N 83$^{0}$56'46.15"E | ५००९४ | १,२३,७३,२१८/- | | ३,०००/- |
| १४/०७७ /०७८ | चुवाडी नाका वडा नं. ११, १२ र १५ | 27$^{0}$35'9.19"E 83$^{0}$57'38.32"N | 27$^{0}$35'0.91"N 83$^{0}$57'39.30"E | १८७८० | ४६,३८,६६०/- | | ३,०००/- |
| १५/०७७ /०७८ | कालिकोटे नाका वडा नं.११ र १५ | 27$^{0}$35'15.21"E 83$^{0}$57'38.93"N | 27$^{0}$35'29.06"N 83$^{0}$57'32.79"E | ४१४०० | १,०२,२५,८००/- | | ३,०००/- |
| १६/०७७ /०७८ | अँधेरीखोला र राता पहराको बीच वडा नं. १० र ११ | 27$^{0}$37'32.46"E 83$^{0}$57'23.16"N | 27$^{0}$37'26.02"N 83$^{0}$57'21.67"E | ३९२७ | ९,६९,९६९/- | | ३,०००/- |
| जम्मा | | | | ५५७,७९४ | १३,७७,७५,११८/- | | |

**शर्तहरु :**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा रा.बा.बैंक, कावासोती शाखा कार्यालयमा रहेको यस कार्यालयको खाता नं. ३२००१००३०१०१०००४ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लिखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुने छ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा रकम फरक परेमा अक्षरलाई मान्यता दिईने छ । आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको रा.बा.बैंक, कावासोतीमा रहेको धरौटी खाता नं. नं.३२००१००३०३००००४ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिडवण्ड शिलवन्दी खाम साथ पेश गर्नुपर्ने छ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी शिलवन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोप्राईटरको नाम, ठेगाना , फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्ने छ । प्रस्ताव पेश गर्नेले यस सूचनामा प्रकाशित व्हहोरा राम्रो सँग बुझी पेश गरेको मानिने छ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीत पूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको ०२:०० बजे देखि कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिने छ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । म्याद नाघी रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्ने यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेनछ ।

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

६. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा धरदैलोमा सुचना टाँस भएको मितिले ७(सात) दिन भित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ५० प्रतिशतले हुने नगद रकम अनिवार्य रुपमा बुझाउनुपर्ने छ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) समेत पेश गरी खरीद सम्झौता गरे पश्चात पट्टा उठाउनु पर्नेछ । बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार बुझाउनु पर्ने भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्ने छ ।

७. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिने छ । यस नगरपालिकाका नदी तथा नदीजन्य पदार्थहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून र मापदण्ड बमोजिम हुने छ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंक मानिने छ ।

(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको Website: madhyabindumun.gov.np मा समेत हेर्न सकिने छ ।

-मध्यविन्दु नगरपालिका

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत